# बागचौर नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९ संख्याः ३ मितिः २०८२/०६/०८ गते


**भाग-२**

## बागचौर नगरपालिका

## सामुदायिक विद्यालय अनुदान व्यवस्थापन कार्यविधि – २०८२

नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०६/०८ गते

राजपत्रमा प्रकाशित मिति : २०८२/०६/०८ गते

**प्रस्तावना :**

बागचौर नगरपालिका, सल्यान क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको समग्र शैक्षिक गुणस्तर अभिबृद्धि गर्न तथा शैक्षिक क्षेत्रमा संग्लन जनशक्तिहरुलाई समुचित रुपमा परिचालन गर्न र उपलब्ध साधन स्रोतको समुचित परिचालन गरी शैक्षिक सुधारका लागि नगरपालिकाबाट प्रदान गरिने शैक्षिक अनुदानलाई अनुमानयोग्य, पारदर्शी, नतिजामुलक बनाई गुणस्तरीय शैक्षिक सेवा प्रवाह गरि नेपालको वर्तमान संबिधानले व्यवस्था गरेको मौलिक हकलाई कार्यान्वयन गर्न तथा अनिवार्य तथा निशुल्क शिक्षा ऐन तथा नियमावली बमोजिम शिक्षामा सबैको समान पहुच, समता, गुणस्तर, सान्दर्भिकता,संस्थागत सक्षमता,उत्थानशीलता र शैक्षिक सुशासन कायम गर्न नेपालको वर्तमान संबिधान-२०७२ को अनुसूची- ८ को क्रमांक -८ बमोजिमको स्थानीय तहलाई प्राप्त आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन -२०७५

(संशोधन सहित) को परिच्छेद-८ को दफा ४२ को (क), दफा ४३ र दफा ४८ को उपदफा (३) तथा बागचौर नगरपालिकाको स्थानीय शिक्षा नियमावली-२०८० (संशोधन सहित) को परिच्छेद-१५ को नियम-८१ लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन-२०७५ (संशोधन सहित) को दफा ६२ एवं नियमावलीको नियम १०६ तथा स्थानीय सरकार संचालन ऐन -२०७४ को दफा ११(२) (ठ) ले समेत दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाको मिति २०८२/०६/०८ गतेको बैठकबाट स्वीकृत गरी यो सामुदायिक विद्यालय अनुदान व्यवस्थापन कार्यविधि – २०८२ बनाइएको छ ।

## परिच्छेद -एक
## प्रारम्भिक

**१. कार्यविधिको नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “सामुदायिक विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८२” रहेको छ ।

(ख) यो कार्यविधि बागचौर नगरपालिकामा संचालन रहेका सामुदायिक विद्यालयहरुमा लागु हुने गरि बागचौर नगरकार्यपालिकाबाट पारित भएको मितिदेखी तुरुन्तै लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“विद्यालय”** भन्नाले बागचौर नगरपालिका क्षेत्रभित्र रहेका नेपाल सरकारको अनुमती तथा स्वीकृति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ख) **“शिक्षा समिति”** भन्नाले बागचौर नगरपालिकाको माध्यमिक तहसम्मको शिक्षा ऐन-२०७५ (दोस्रो संसोधन सहित) को परिच्छेद २ को दफा ११ बमोजिम गठित नगरपालिकाको नगर शिक्षा समिति सम्झनुपर्छ ।

(ग) **“नगरपालिका”** भन्नाले बागचौर नगरपालिका, सल्यानलाई सम्झनु पर्दछ ।

(घ) **“कार्यपालिका”** भन्नाले बागचौर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **“शिक्षक सेवा आयोग”** भन्नाले नेपाल सरकारको शिक्षक सेवा आयोगलाई जनाउनेछ ।

(च) **“अनुदान”** भन्नाले यस कार्यविधिको परिच्छेद ३ बमोजिम नगरपालिकाले आन्तरिक श्रोतबाट सामुदायिक विद्यालयहरुलाई शिक्षक व्यवस्थापन,भौतिक पूर्वाधार निर्माण, शैक्षिक गुणस्तर उकास्नका लागि उपलब्ध गराउने अनुदान रकम सम्झनुपर्छ ।

(छ) **“शसर्त अनुदान”** भन्नाले संघीय सरकारबाट स्थानीय तह मार्फत विद्यालयहरुमा जाने सर्शत अनुदान नेपाल सरकारको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम अनुदान रकम सम्झनुपर्छ ।

(ज) **“विद्यालय व्यवस्थापन समिति”** समिति भन्नाले बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) **“प्रधानाध्यापक”** भन्नाले बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रशासकीय तथा प्रमुख जिम्मेवारीमा रहेको शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद -दुइ

## विद्यालय अनुदानका आधारहरु

**३. विद्यालयलाई दिइने अनुदानसम्बन्धी व्यवस्था :**

(क) संघीय सरकारबाट स्थानीय तह मार्फत विद्यालयहरुमा जाने सर्शत अनुदान नेपाल सरकारको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएका कुराहरुले सो अनुदानको वितरण प्रतिक्रियामा कुनै असर गर्ने छैन ।

(ख) बागचौर नगरपालिकाले अनुदान वितरण गर्दा सङ्घीय सशर्त अनुदानको हकमा सङ्घीय कार्यक्रम कार्यावन्यन कार्यविधिमा उल्लेख भएको बमोजिमको आधारमा अनुदान वितरण गर्ने र सो बाहेक नगरपालिकाको आन्तरिक श्रोतबाट आफ्नो क्षेत्रभित्रका बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, सामुदायिक विद्यालय, नमुना विद्यालय तथा प्राविधिक धार संचालित माध्यमिक विद्यालयहरुलाई विद्यालयको आवश्यकता एवं औचित्यता र सो विद्यालयको गुणस्तर एवं उपलब्धीका आधारमा विद्यालयको सर्वपक्षीय विकासमा सघाउ पुर्याउनका लागि वास्तविक रुपमा सम्बन्धित विद्यालयमा कार्यरत शिक्षक तथा कक्षागत बिद्यार्थीको संख्या एवं संचालित कक्षा संख्या हेरी सो का आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पेश गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम शिक्षक तथा कर्मचारी व्यवस्थापन, प्रधानाध्यापक प्रोत्साहन, बालविकास कक्षा व्यवस्थापन, खेलकुद क्षेत्रको व्यवस्थापन लगायत विद्यालयको भौतिक सुविधा विस्तार कार्यक्रम र शैक्षिक कार्यसम्पादनमा आधारित शिर्षकमा विद्यालयलाई शर्त सहित एकमुष्ठ अनुदान दिन सक्नेछ ।

(ग) यसरी नगरपालिकाबाट प्राप्त अनुदान सम्बन्धित विद्यालयले तोकिएको शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ । तोकिएको शीर्षकमा खर्च नगरी तथा विद्यालयको प्रस्तावनामा उल्लेखित उपलब्धी प्राप्त नभएको पाईएमा जुनसुकै बखत पनि अनुदान रोक्का गरिनेछ ।

४. **अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरुः** अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका शर्तहरु अनिवार्य पुरा गर्नुपर्नेछ ।

(क) **विद्यालय सुधार योजनाः** प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष

सुधारका कार्यक्रम समेटिएको अध्यावधिक विद्यालय सुधार योजना तयार गरी प्रत्येक वर्ष अध्यावधिक गर्नुपर्नेछ। विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने विद्यालयलाई मात्रै दफा ३ बमोजिमको अनुदान प्रदान गरिनेछ ।

(ख) **लेखा परीक्षण तथा सामाजिक परीक्षणः** प्रत्येक सामुदायिक विद्यालयले हरेक वर्षको वार्षिक आर्थिक कारोबारको नियमित रुपमा लेखापरीक्षण एवं विद्यालयको सम्पुर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी सोको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ। लेखापरीक्षण तथा सामाजिक परीक्षणको प्रतिवेदन प्राप्त नभए कुनै पनि प्रकारको अनुदान रकम उपलब्ध गराइने छैन।

(ग) **विद्यालयको वार्षिक कार्ययोजनाः** विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गनुपर्नेछ।

(घ) **प्रतिवेदन संप्रेषणः** प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, चौमासिक प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।

(ङ) **तथ्याङ्क व्यवस्थापनः** प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरुवात तथा अन्तमा तोकिए बमोजिमको एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयका सम्पूर्ण विवरण अध्यावधिक गरी सोको प्रमाणित प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

**५. शिक्षक व्यवस्थापन अनुदानः**

(क) कुनै सामुदायिक विद्यालयले शिक्षकको अभावका कारण पठनपाठन अवरोध भएको र नियमित पठनपाठन संचालनका लागि अस्थायी रुपमा शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि

विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शैक्षिक व्यवस्थापनका लागि नगरपालिकामा अनुदान माग गरेमा सो विद्यालयमा हाल कार्यरत शिक्षक तथा कर्मचारी संख्या एकिन गरी प्रत्येक कक्षा अनुसारको शिक्षक अपुग देखिएमा तथा वास्तविक रुपमा कुनै विद्यालयमा पठनपाठन बन्द हुने अवस्था देखिएमा वा थप शिक्षक आवश्यक पर्ने देखिएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम त्यस्ता विद्यालयलाई वार्षिक रुपमा शिक्षक सहायता अनुदानको रुपमा तहगत प्रति शिक्षक वालविकासमा प्रति शिक्षक रु.१,३०,०००/- प्राथमिक तहमा प्रति शिक्षक रु. १,६०,०००/-, निम्न माध्यमिक तहमा प्रति शिक्षक रु.२,००,०००/-र माध्यमिक तहको शिक्षक बराबर २,४०,०००/- एकमुष्ठ शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराउन सकिनेछ ।

(ख) त्यस्तो अनुदान उपलब्ध गराउदा गत विगतमा तथा कार्यविधि स्वीकृत हुनभन्दा पुर्व यदि कुनै सामुदायिक विद्यालयहरुमा अस्थायी रुपमा कुनै पनि तहमा स्वयम्सेवक शिक्षकको रुपमा कुनै शिक्षक तथा कर्मचारीहरु कार्यरत भएको भए पनि यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(ग) नगरपालिकाबाट स्वीकृत गरेको नगर शिक्षक तथा बालविकास दरबन्दी रिक्त रहेमा सो पदमा शिक्षक तथा बालविकास सहजकर्ता पदपूर्ती गर्नका लागि नगरपालिकाले नै पदपूर्ती गर्नेछ। तर नगरपालिकाले विद्यालयगत रुपमा रिक्त भएको दरबन्दीमा रिक्त भएकै समयमा छिट्टै पदपूर्ती गर्न नसक्ने र सो को कार्यप्रकिया लामो हुने भएकाले नगरपालिकाले वार्षिक रुपमा मात्रै नगर भित्र रहेका सबै तहका रिक्त दरबन्दीमा पदपूर्ती गर्ने भएकाले विद्यालयले अस्थायी रुपमा तत्काल शिक्षक व्यवस्थापन

गर्न पर्ने देखिएमा नगरपालिकाको अनुमतिमा विद्यालयले वि.व्य.स. को निर्णय बाट अस्थायी रुपमा शिक्षकको व्यवस्था गर्न सक्नेछ र त्यस्तो अवधिमा नियमानुसार नियुक्त भएको शिक्षकले नगर अनुदानको स्वीकृत दरबन्दी सरहको तलब सुबिधा प्राप्त गर्नेछ |

(घ) नगरपालिकाबाट प्राप्त भएको अनुदानबाट शिक्षकको व्यवस्थापन गर्दा बागचौर नगरपालिकाको स्थानीय शिक्षा नियमावली-२०८० को अनुसूची-१० मा भएको व्यवस्था बमोजिम हुनेछ । यसरी विद्यालयले अनुदान प्राप्त गरेपछी सो अनुदान सम्बन्धित शीर्षकमा मात्रै खर्च गर्ने र शिक्षक व्यवस्थापन गर्दा नियमानुसार गरी सो सम्बन्धी सबै कागजात नगरपालिकामा पेश गर्नुपर्नेछ |

**६. प्रधानाध्यापक प्रोत्साहन अनुदानः**

(क) सबै सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई विद्यालयमा प्रभावकारी संचार तथा समन्वय गर्न सङ्घीय सरकारबाट समयसापेक्ष नभएको हुदा प्रधानाध्यापकहरुको मनोबल उच्च राखी कार्य उत्प्रेरणा सिर्जना गर्न सङ्घीय सरकारबाट हाल खाइपाई आएको प्रधानाध्यापक भत्तामा शत प्रतिशत रकम वृद्धि गरि आर्थिक वर्ष २०८२/०८३ बाट नगरकार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन हुनेछ ।

**७.कार्यसम्पादनमा आधारित अनुदानः** शैक्षिक गुणस्तर उच्च रहेका तथा औसत ७५% प्रतिशत भन्दा बढी सिकाइ उपलब्धी हासिल गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान स्वरूप एकमुष्ठ रु. ५०,०००/- प्रदान गर्दा निम्न सूचकहरुमा आधारित भई गरिनेछ |

(क) सम्बन्धित विद्यालयमा कक्षागत रुपमा विद्यार्थीले हाँसिल गरेको औषत उपलब्धि,

(ख) विद्यालयको आन्तरिक सक्षमताको अवस्था,

(ग) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनको अवस्था र सक्रियता,

(घ) सामाजिक तथा लेखा परीक्षणको अवस्था र लेखापरीक्षकले सुझाएका राय, सल्लाह कार्यान्वयनको अवस्था

(ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधिकरण,

(च) वर्तमान पाठ्यक्रम कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनको अवस्था,

(छ) विद्यालयमा शिक्षकहरुको औसत उपस्थिती र शिक्षण सिकाई कार्यमा समय परिपालना,

(ज) विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन,

**८. बाल कक्षा व्यवस्थापन अनुदान र भौतिक सुविधा विस्तार अनुदानः**

(क) बाल विकास कक्षा व्यवस्थापन अनुदान र भौतिक सुविधा विस्तार अनुदान प्रदान गर्दा विद्यालयको आवश्यकता पहिचान गरी विद्यार्थी संख्या,विद्यालयको कार्यसम्पादन स्तर र विद्यार्थीले हाँसिल गरेको औषत उपलब्धीका आधारमा नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णय अनुसार अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद -तीन

## विद्यालय अनुदानको कार्यान्वयन तथा अनुगमन

९. **विद्यालय अनुदान कार्यान्वयनमा बिभिन्न निकायको भूमीका** : विद्यालय अनुदान व्यवस्थापनमा विभिन्न निकायको भूमिका विद्यालयमा जाने अनुदानको प्रभावकारी एवं दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसारको हुनेछ |

**(क) नगर सभा** : नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको सु-संचालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने क्षेत्र गत बार्षिक बजेट बिनियोजन, विद्यालयमा रहेका सबै प्रकारको श्रोत साधनहरुको समुचित परिचालनका लागि आवश्यक पर्ने कानुन तथा शिक्षण सिकाईको क्रियाकलापको अनुगमन तथा

सुपरिवेक्षणको मापदण्ड निर्धारण, स्थानीय पाठ्यक्रम कार्यान्वयनको नियमन, विद्यालयमा कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरुको अवस्था विश्लेषण गरि शिक्षक तथा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान तथा विद्यालय समायोजनको मापदण्ड निर्धारण तथा नियमन गर्ने ।

**(ख) नगर कार्यपालिका:** शिक्षा क्षेत्रमा नगर सभाबाट बार्षिक बजेट बिनियोजित बजेटको विद्यालयमा रहेका सबै प्रकारको श्रोत साधनहरुको समुचित परिचालनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड तथा निर्देशिका निर्माण तथा स्वीकृत लगायत शिक्षक शिक्षक तथा कर्मचारी व्यवस्थापनका साथै विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षहरुको प्रभावकारी, कार्यान्वयन, अनुगमन, मूल्यांकन गर्ने ।

**(ग) नगर शिक्षा समिति** : नगरपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा रहेका सबै प्रकारको श्रोत साधनहरुको समुचित परिचालनका लागि अनुगमन, निरीक्षण गरि नगर कार्यपालिकालाई सिफारिस तथा सुझाव प्रदान गर्ने। शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड तथा निर्देशिका निर्माण लगायत पक्षहरुको मापदण्ड तयार पार्न प्राबिधिक सहायता प्रदान गर्ने, शिक्षक शिक्षक तथा कर्मचारी व्यवस्थापनका साथै विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षहरुको प्रभावकारी अनुगमन तथा मूल्यांकन गरि आवश्यक निर्णयका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने ।

**(घ) शिक्षा, युवा तथा खेलकुद शाखा:** विद्यालयको शिक्षण सिकाईको सुपरिवेक्षण, पाठ्यक्रम कार्यान्वयन, शिक्षक तथा विद्यार्थी संख्याको एकिन, शैक्षिक क्रियाकलापहरुको मूल्याङ्कनका साथै विद्यालयको समग्र पक्षहरुको प्रभावकारी अनुगमन गरी सोको प्रतिवेदन नगर शिक्षा समिति समक्ष पेश गर्ने ।

**(ङ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघः**

(क) वार्षिक योजना अनुरुप संचालन हुने क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) कानून बमोजिम विद्यालयको लेखा परीक्षण गराइ सोको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

(ग) विद्यालय संचालनका लागि आवश्यक स्रोत जुटाउने तथा परिचालन गर्ने।

(घ) विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सम्बन्धित शीर्षकमा खर्च तथा त्यसको सदुपयोग गरि नियमानुसार तोकिएको ढाँचामा सामाजिक परीक्षण गराउने।

(ङ) शिक्षा ऐन तथा नियमावलीले तोकेका अन्य कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

**(च) प्रधानाध्यापकः**

(क) विद्यालयको वार्षिक बजेट तथा कार्ययोजना तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरि लागु गर्ने।

(ख) विद्यालयको आवश्यकता तथा औचित्यतामा आधारित रही शैक्षिक अनुदान रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार नगरपालिकामा माग गर्ने।

(ग) विद्यालयलाई प्राप्त अनुदान तोकिएका शिर्षकमा मात्र खर्च गरी कार्य सम्पादन गर्ने।

(घ) वार्षिक रुपमा बिद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने, आर्थिक लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमित रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा प्रतिवेदन पेश गर्ने।

**१०. अनुदान रोक्का समबन्धी व्यवस्थाः**

(क) नेपाल सरकार वा प्रदेश सरकार वा अन्य निकायबाट शिक्षकको स्थायी दरबन्दी प्राप्त भएमा वा नगर शिक्षा ऐनले तोके बमोजिम अनुदान प्राप्त गर्ने न्युनतम मापन्दण्ड पुरा नगरेकोमा वा यस कार्यविधिको उद्देश्य बमोजिम शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्य प्राप्त नभएमा वा भौतिक सुविधा विस्तार कार्यक्रमको कार्यान्वयन प्रभावकारी नभएको पाइएमा नगरपालिकाले यस कार्यविधि बमोजिम विद्यालयलाई उपलबध गराउने अनुदान रोक्का गर्नेछ ।

**११. विविध :**

(क) यस कार्यविधिमा उल्लेख नभएका विषय संघीय शिक्षा ऐन, नगर शिक्षा ऐन तथा नियमावली, नगर कार्यपालिकाको निर्णय र शिक्षा सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** यो कार्यविधि लागु हुनु अघि प्रदान गरिएको अनुदान यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**१३. संशोधन र बाधा अड्काउ फुकाउः**

(क) यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले

हरि बहादुर कठायत

नि.प्रमुख प्रशासकीय अधिकृत